**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 02.07.2024**

- **Indrahang Subba in Lok Sabha**

लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बाले आज लोकसभा सत्रमा सिक्किमलाई जोड्ने राष्ट्रिय राजमार्गको गम्भीर समस्यामाथि कुरा उठाउनुभयो। यो मार्ग विशेषगरी मनसुनको समयमा भारी वर्षा हुनका साथै पहिरोका कारण अवरूद्ध हुने भएकाले प्रायः आवतजावत गर्न नसकिने हुन्छ। उहाँले यसको निर्माण र मरम्मतको जिम्मा NHIDCL जस्ता केन्द्रिय एजेन्सीहरूलाई दिने माग गर्नुभएको छ। यसका साथै डाक्टर सुब्बाले सिक्किमसहित देशका पहाड़ी राज्यहरूमा विशेषगरी वर्खाको समयमा धैरै क्षयक्षति हुने गरेको कारण यसबाट हुने गम्भीर समस्याको आकलन गर्न एउटा छुट्टै समिति गठन गर्ने पनि माग गर्नुभएको छ। उहाँले गत वर्ष जलप्रलयका कारण राज्यलाई पुग्न गएको क्षतिबारे पनि अवगत गराउनुभयो।

----------------------------------------X----------------------------------------

- **Health Ministers Geyzing Visit**

स्वास्थ्य मन्त्री श्री GT ढुङगेलले आज गेजिङ जिल्ला अस्पतालको भ्रमण गर्दै यहाँको अवस्था लगायत बिरामीहरूको उपचारबारे जानकारी लिनुभयो। उहाँले बिमारीहरूसित भेट गर्दै अस्पतालमा रहेको मानव संसाधन र अन्य असुविधाहरूलाई सम्बोधन गर्न वर्तमान सरकार र विभाग कटिबद्ध छ भनी बताउनुभयो। बोली वचनले कतिपय बिमारहरू निको हुने कुराको महसुस भएको बताउँदै श्री ढुङ्गेलले डाक्टर लगायत अस्पतालका अधिकारी एवं कर्मचारीहरूसित बिरामीहरूसित मिठो बोलिदिने अनुरोध गर्नुभयो। मन्त्रीले अस्पतालमा निर्माण भइरहेका पूर्वाधार लगायत अन्य विषयको पनि जायज लिनुभयो।

----------------------------------------X----------------------------------------

- **Nasa Mukta Sikkim**

गान्तोकको चिन्तन भवनमा आज नशामुक्त सिक्किम, नशामुक्त सिक्किमको दिशामा एउटा पहल कार्यक्रम पालन गरियो। यस वर्षको कार्यक्रमको विषय रहेको छ प्रमाण स्वच्छ छः रोकथाममा निवेश गरौं अर्थात The Evidence is Clean: Invest in Prevention। सिक्किम सरकारको सामाजिक कल्याण विभागले आयोजना गरेको कार्यक्रममा सिक्किम विधानसभा अध्यक्ष श्री मिङ्मा नर्बु शेर्पा मुख्य अतिथि हुनुहुन्थ्यो। विधानसभा उपाध्यक्ष, मन्त्रीगण, विधायकगण एवं अन्यको उपस्थिति रहेको कार्यक्रमलाई सम्बोधन गर्दै मुख्य अतिथि श्री शेर्पाले लागूपदार्थको प्रयोग हाम्रो समाजको लागि जटिल मुद्दा हो भन्दै जसले हाम्रो सामाजिक संरचनालाई कमजोर पार्दै व्यक्ति, परिवार र समुदायहरूमा विनाशकारी प्रभाव पार्ने बताउनुभयो। उहाँले शिक्षा र जागरूकता लागू पदार्थको दुरूपयोग विरूद्ध रक्षाका निम्ति पहिलो कदम हो भन्नुभयो।

----------------------------------------X----------------------------------------

- **CM Congratulates Army Chief**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले नजरल उपेन्द्र द्विवेदीलाई भारतीय सेना प्रमुख नियुक्त हुनुभएकोमा बधाई दिनुभएको छ। उहाँ तीसौं भारतीय सेना प्रमुख हुनुहुन्छ। मुख्यमन्त्रीले यो प्रतिष्ठित पद उहाँको विशिष्ट करियर र राष्ट्रप्रति अटल समर्पणको प्रमाण हो भनी बताउनुभएको छ। मुख्यमन्त्रीले जनरल द्विवेदीको नेतृत्वमा हाम्रा सेनाहरू उत्कृष्टताको नयाँ शिखरमा पुग्ने विश्वास व्यक्त गर्दै उहाँले व्यावसायिकता र वीरताको नयाँ मापदण्डहरू स्थापित गरेर भारतीय सेनालाई अझ उचाइमा पुर्‍याउने बताउनुभएको छ।

----------------------------------------X----------------------------------------

- **Diarrhea Campaign**

नाम्ची जिल्ला अस्पताल अनि साङ प्राथमिक स्वास्थ्य केन्द्र र राङ्का खण्ड प्रशाकनिक केन्द्रमा हिजोदेखि दुई महिनाव्यापी पखाला रोकौं अभियान अथवा Stop Diarrhea Campaign-को शुरूवात भएको छ। नानीहरूमा हुने झाड़ा पखालाको सामना गर्न यसको रोकथाम, उपचार र जनजागरूकतालाई ध्यानमा राखेर आयोजित अभियानलाई, पखालाको रोकथाम, सफाई र ORS-ले राखौं आफ्नो ध्यान जस्तो नारा दिइएको छ। यस अभियानको उद्देश्य पखालाबाट हुने नानीहरूको मृत्युमा कमि ल्याउनु हो। बाल्यकालमा हुने पखाला जस्तो रोगबाट शुन्यदेखि पाँच वर्षको उमेरका पाँच दशमलौ आठ प्रतिशत नानीहरूको मृत्यु हुने गर्दछ, यसको रोकथाम ORS र Zinc गोलीको प्रयोग गरेर निर्जलीकरण अथवा dehydration-को उपचार गर्नाले सम्भव हुँदछ। अत्याधिक स्तनपान, समयमा पूरक आहारको प्रयोग, स्वच्छता, स्वच्छ पानीको प्रयोग र रोटाभाइरसको खोपबाट पनि बाल्यकालमा झाड़ापखालाबाट हुने मृत्युलाई रोक्न सकिन्छ। हिजोदेखि शुरू भएको एकतीस अगस्तमा समापन हुने यो अभियान स्वास्थ्य केन्द्र र सामुदायिक दुवै स्तरमा विभिन्न गतिविधिका साथ पालन गरिनेछ।

----------------------------------------X----------------------------------------

- **Cleanliness Drive**

पर्यटन एवं नागरिक उड्डयन विभागले भारत सरकारको पर्यटन मन्त्रालयको स्वदेश दर्शन र पर्यटन हितधारकहरूको सहयोगमा हिजो भारत-चीन सीमास्थित नाथुलामा व्यापक स्वच्छता अभियानको आयोजना गऱ्यो। यस अभियानमा पर्यटन एवं नागरिक उड्डयन विभागका अधिकारी एवं कर्मचारी, नाथुलामा सेवारत सेनाकर्मी, सिक्किम पुलिसकर्मी र वन विभागका कर्मचारीहरू गरी कुल दुई सयजनाले सहभागिता जनाए। विगत दिनहरूमा पनि आयोजना गर्दै आएको यस्तो अभियान विभागले त्रैमासिक रूपमा पालन गरेर स्वच्छताको महत्त्वबारे मानिसहरूलाई जागरूक गराउनका साथै समुदायलाई पर्यावरण संरक्षण गतिविधिहरूमा संलग्न गराउने प्रतिबद्धता व्यक्त गरेको छ।

---------------------------------------X---------------------------------------

- **Summer Camp**

शिक्षा विभागको प्रधानमन्त्री श्री, राज्य नोडल कार्यालयले तीस जूनदेखि तीर्चालिसवटा प्रधानमन्त्री श्री विद्यालयका विद्यार्थीहरूका निम्ति ग्रीष्म शिविर आयोजन गरेको छ। असम लिङ्जेस्थित सिकनमा भइरहेको शिविरमा राज्यभरिका कूल दुई सय तेहीसजना विद्यार्थीहरूले सहभागिता जनाएका छन्। यसै महिनाको छह तारिक समाप्त हुने सप्ताहव्यापी शिविरमा योग, ध्यान, फुटबल, भलिबल, नृत्य, संगीत आदि क्षेत्रमा प्रशिक्षणार्थीहरूलाई राज्यका ख्यातीप्राप्त प्रशिक्षकहरूले प्रशिक्षण गराउनेछन्।

---------------------------------------X---------------------------------------